बैठक नं : ०८

मिति :२०७९/०४/१४ गते

समयः दिनको ११:०० बजे ।

स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७९।०४।१४ गते शनिवार दिनको ११.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज वराल ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १ | श्री शंकर राज वराल | गाउँपालिका अध्यक्ष |
| २ | श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३ | श्री सोम प्रसाद वराल | कार्यपालिका सदस्य |
| ४ | श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ५ | श्री के पि पोखरेल | कार्यपालिका सदस्य |
| ६ | श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ७ | श्री गोविन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ८ | श्री रविन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ | श्री रेगनराज थापा | कार्यपालिका सदस्य |
| १० | श्री सम्झना पोखरेल | कार्यपालिका सदस्य |
| ११ | श्री सम्वर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२ | श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३ | श्री अम्वरदिप वि क | कार्यपालिका सदस्य |
| १४ | श्री शान्ता कामी | कार्यपालिका सदस्य |
| १५ | श्री खरिमाया पुर्वछाने | कार्यपालिका सदस्य |
| १६ | श्री माधव कुमार अधिकारी | कार्यपालिका सचिव |

**अन्य**

तिर्थ कुमार भण्डारी प्रशासन शाखा प्रमुख

**प्रस्तावहरुः**

**प्रस्तावहरु:**

**प्रस्ताव नं. १** कार्यदल गठन सम्बन्धमा ।

**प्रस्ताव नं. २.** राफ्टिङ्ग भवन ठेक्का सम्बन्धमा ।

**प्रस्ताव नं ३.** आ.व. २०७९/०८० को स्थानिय दररेट स्वीकृत सम्बन्धमा ।

**प्रस्ताव नं ४.** विविध कर तथा ठेक्का सम्बन्धमा ।

**प्प्रस्ताव नं ५** नगर विकास समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं ६** मतदान केन्द्र थप सम्बन्धमा ।

**प्रस्ताव नं ७** विपद् सहायता सम्बन्धमा ।

निर्णय नं १ यस गाउँपालिकामा मिति २०७९।०४।०१ गते देखि मिति २०७९।०४।०९ गते सम्म विभिन्न माग राखि भएको आन्दोलन र सो आन्दोलनको स्थगित गर्ने सम्बन्धमा मितिः०७९।०४।०९ गते यस गाउँपालिका अध्यक्ष श्री शंकर राज वराल र आन्दोलनकारीको तर्फबाट यस गाउँपालिका वडा नं २ का अध्यक्ष श्री दौलत कार्की विच भएको ४ बुदे लिखित सहमती अनुसार आज बसेको कार्यपालिका बैठकमा गाउँपालिकामा भएको असमजदारिलाई निराकरण तर्न तपशिल बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो । सो गठित कार्यदलले ७ दिन भित्र गाउँपालिकामा लिखित प्रतिबेदन तयार गरी पेश गर्ने आज बसेको कार्यपालिका बैठकबाट प्रत्यायोजन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. श्री ज्वाल प्रसाद न्यौपाने -संयोजक

२.श्री दौलत कार्की -सदस्य

३.श्री रविन कुमार श्रेष्ठ -सदस्य

४.श्री के पि पोखरेल -सदस्य

५.श्री रेगनराज थापा -सदस्य

६.श्री गोविन्द बहादुर लुङ्गेली -सदस्य

निर्णय नं २ यस गाउँपालिकाको आर्थिक ऐन २०७९ को अनुसूची १२ को सि नं १५ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको वडा नं ७ खुर्कोट देखि वडा नं ६ बलेनी क्षेत्रमा राफ्टिङ्ग सेवा संचालनको सबै संरचना तयार भएको सो राफ्टिङ्ग संचालन ठेक्काको लागि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार गोप्य सिलबन्दी मार्फत ठेक्का लगाउन मिति २०७९।०३।२२ मा प्रथम पटक सूचना प्रकाशित भएको र पुनः मिति २०७९।०३।३१ मा दोश्रो पटक सूचना प्रकाशित गर्दा समेत ठेक्का नलागेकोले र विगतको वर्षमा पनि संरचना तयार हुँदा समेत ठेक्का नलागी आन्तरिक आय संकलन नभएको र प्रवर्द्धनात्मक रुपमा पर्यटन विकास गरि आय संकलनको लक्ष्य गाउँपालिकाको भएता पनि हाल सम्म सो राफाटिङ्ग सेवा संचालनको नलागेको कार्यापालिकालाई महशुस भै छोटो समयको लागि फर्म कम्पनीहरुले खासै चासो नदेखाएकोले राफ्टिङ्ग सेवा संचालनको लागि आज बसको कार्यपिका बैठकबाट कम्तिमा ५ बर्षको लागि बहुबर्षिय ठेक्का वनाई रु१००००००।(दश लाख) पुनः सूचना प्रकाशित गरि ठेक्का लगागाउने निर्णय गरियो । सो ठेक्काको कर सम्झौताको न्युनतम रकममा प्रत्येक बर्ष १० प्रतिशत बढाई वार्षिक रुपमा असुल उपर गर्ने निर्णय गरियो । साथै सो को राफ्टिङ्ग संचालनको लागि १५ दिने सूचना प्रकाशित गर्ने समेत निर्णय गरियो

निर्णय नं ३ यस गाउँपालिकाको आर्थिक २०७९/०८० गाउँपालिका क्षेत्रमा हुने विकास निर्माण र अन्य कार्यक्रम संचालनको लागि स्थानिय ज्याला दर रेट आवश्यक भएकोले सो सम्बन्धमा आज बसेको कार्यपालिकाको बैठकमा छलफल भई जिल्ला दर रेटलाई आधार र गाउँपालिका सम्म बस्तु तथा सेवाको ढुवानी समेतलाई मध्येनजर हुने निर्माण जन्य सेवा जन्य र अन्य सम्पुर्ण दर बस्तु तथा सेवाको दर सम्बन्धमा गोलन्जोर गाउँपालिकाको स्थानिय ज्याला दर रेट २०७९ आज बसेको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

## गोलन्जोर गाउँपालिकाको कामदार तथा निर्माण सामाग्रीहरुको स्थानीय दररेट आ.व. ०७९/०८०

| सि.नं. | कामदार/निर्माण सामाग्रीको नाम | ईकाइ | मु.अ.कर बाहेक जिल्ला दररेट आ.व. | | | मु.अ.कर बाहेक गाउँपालिका दररेट आ.व. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | |
| | ३ कि.मी. सम्म को दुरीमा | लिटर | ०.२५ | ०.२५ | | ०.२५ | ०.२५ | ०.२५ | |
| | ३ कि.मी. देखि माथीको दुरीमा | लिटर | ०.४० | ०.४० | | ०.४० | ०.४० | ०.४० | |
| १०० | **अन्य** | | | | | | | | |
| | युरीया | के.जि. | | | | | २८।०० | ३०.०० | |
| | सुपर प्लाष्टिसाइजर | लीटर | | | | | २५०।०० | २७०.०० | |
| | माइक्रो सिलिका | के.जि. | | | | | २८९।०० | ३१०.०० | |
| | बेन्टोनेट पाउडर (४० केजी . १ बोरा) | बोरा | | | | | ३६८।०० | ३९५.०० | |

**<u>पुनश्च</u>**

१ माथि उल्लेखित दररेटहरुमा मु.अ.कर समाबेस छैन

२ यसमा उल्लेख नभएका सामाग्रीहरुको दररेटहरुमा नियमानुसार प्रचलित बजार दरलाई वा फ्याक्ट्री रेट लाई आधार मानि कम्तिमा ३ वटा दरभाउ लिएर सबै भन्दा कमलाई कायम गर्न सकिने छ ।

३ उपरोक्त निर्माण सामाग्रीहरुको दररेट सिन्धुली सदरमुकाम र यस गा.पा. को आसपासका मुख्य बजारहरु लाई आधार मानि तय गरिएको छ । अन्यत्रको हकमा नजिकको बजारबाट ढुवानी देखाई दर बिष्लेषण गर्नु पर्दछ ।

निर्णय नं ४ यस गाउँपालिकाको आर्थिक ऐन २०७९ मा व्यवस्था भए बमोजिम अनुसूची ४ को सि नं ६९ मा भएको वडा नां ७ को खुर्कोटको २ वटा हाट सोही अनुसूचीमा सि नं ६८ मा भएको वडा नं ५ को खनियाखर्क हाँट सोही अनुसूचीको सि नं ६७ मा भएको वडा नं ३ को ग्वालटार हाँट विज्ञापन कर अनुसूची १० को सि नं १ देखि ४ सम्मको विज्ञापन कर र ढुङ्गा वालुवा अनुसूची ४ को सि नं ८७ देखि ९० क्रमशः रु ५०००००। ३५०००। ३५०००। विज्ञापन कर २,०००,००। मा न्युनतम वढाबढ हुने मुल्य कायम गरि ठेक्का आह्वान गर्ने निर्णय गरियो । साथै मिति २०७९।०३।१७ र ०३।२० को गाउपालिका अध्यक्षतामा बसेको बैठकले निर्धारण गरेको न्युनतम मुल्य निर्धारणको निर्णय र सुचना आव्हान गर्न टाँस गर्ने निर्णयअनुसार मिति २०७९।०३।२१ गतेको ठेक्का नं २०।२०७८।७९ को सुचना टाँस बमोजिम कबोलकर्ताहरु मध्ये छनोट भएका अधिकतम कबोलकर्ता श्री अम्बर निर्माण सेवा कमलामाई ४ सिन्धुलीसंग मिति २०७९।०३।३० मा भएको निकासी सम्बन्धी ठेक्का सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ५ यस गाउँपालिकाको वडा नं ७ नेपालका १० साना शहर मध्ये शहर भएको सो साना शहर संचालन तथा व्यवस्थापनको लागि नगर विकास समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को दफा ४ मा भएको व्यवस्था बमोजिम पदेन सदस्य बाहेक तपशिल अनुसार पुर्णता दिने निर्णय गरियो ।

तपशिल

१श्री शंकर राज वराल गाउँपालिका अध्यक्ष - अध्यक्ष

२ श्री जिल्ला समन्वय समिति प्रमुखले तोकेको व्यक्तिः श्री

३ प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको व्यक्ति अधिकृतः श्री

४ वन भुमी तथा नापी स्थानिय तह वा जिल्ला स्थित कार्यालयको प्रतिनिधि श्री

गाउँ कार्यपालिका सदस्यहरु

५ श्री रेगनराज थापा

६ श्री सम्झना पोखरेल

७ श्री के पि पोखरेल

महिला सदस्य समाज सेवी

९ श्री

१०श्री

११ श्री प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

निर्णय नं ६ यस गाउँपालिकाको क्षेत्रमा हुने संघीय, प्रदेश र स्थानिय तहको सदस्यको निर्वाचन हुँदा आम मतदाताहरुलाई मतदान गर्ने सम्बन्धमा पाएक नपरेको भनि कार्यपालिकालाई महशुस भई तपशिलका वडागत क्षेत्रमा थप मतदान केन्द्र स्थापनाको लागि जिल्ला निर्वाचन कार्यालयमा पठाउने आजको कार्यपालिका बैठकबाट निर्णय गरियो ।

तपशिल

- गाउँपालिकाको वडा नं १ को प्रा. वि. च्यकुटार विर्तोटार थप १ केन्द्र
- गाउँपालिकाको वडा नं ४ को किराँते मतदाता संख्या ५११ (२०७९।०१।२९ सम्म) माझकुभिण्डेबाट

निर्णय नं ७ यस गाउँपालिकामा भएको वाढी पैरो अन्य विपद् जन्य क्षति भएका तपशिलका महानसभावहरुलाई यस गाउँपालिकाको विपद् कोषबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

| सि .नं. | सम्बन्धित व्यक्तिको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर थापामगर | गोलन्जोर ०४ | १५०००। | |
| २ | एक बहादुर भुजेल | गोलन्जोर ०४ | १५०००। | |
| ३ | रोम बहादुर रानामगर | गोलन्जोर ०४ | १५०००। | |
| ४ | अधेरी खोलो गहिराउने काम | गोलन्जोर ०७ | ईष्टमेट अनुसार | |
| ५ | विक्रम थापा | गोलन्जोर ०७ | १५०००। | |